# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) धनगढी, कैलाली, जेठ ३० गते, २०७५ साल (संख्या १

# भाग ३

## प्रदेश सरकार

### प्रदेश नं. ७ धनगढी, कैलाली

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकारबाट निर्णय भई प्रमाणीकरण भएका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशन गर्ने प्रयोजनका लागि देहाय वमोजिमको “प्रदेश सरकार प्रदेश नं. ७ बाट प्रकाशित हुने राजपत्रको ढाँचा” प्रदेश सरकारको मिति २०७४।१२।२२ को निर्णयबाट स्वीकृत भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## प्रदेश नं. ७ प्रदेश सरकारको राजपत्रको नमूना ढाँचा

(१) प्रदेश सरकारको राजपत्र आवश्यकता अनुसार नियमित तथा अतिरिक्ताङ्कको रुपमा प्रकाशन गर्ने ।

(२) प्रदेश राजपत्रको देहायको भागमा देहायका विषयहरु प्रकाशन गर्ने ।

भाग १-यो भागमा प्रदेश व्यवस्थापिकाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन तथा अध्यादेशहरु प्रकाशन हुने ।

भाग २-यो भागमा प्रदेश मन्त्रिपरिषद्बाट पारित नियमावली तथा प्रदेश सरकारले जारी गरेका आदेश  वा आधिकार पत्र प्रकाशन हुने ।

भाग ३-यो भागमा प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा मन्त्रिपरिषद्को निर्णय वमोजिम हुने नियुक्ति वा अन्य सुचना प्रकाशन हुने

भाग ४-यो भागमा प्रदेश सरकार पक्ष भएका आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौताहरु प्रकाशन हुने ।

(३) राजपत्रको माथिल्लो भागमा निसाना छाप, सो को मुनि प्रदेश राजपत्र, सो को मुनि प्रदेश नं. ७ प्रदेश सरकारद्धारा प्रकाशित र सो को मुनिको लहरमा खण्ड ... धनगढी कैलाली, महिना... गते... साल ... नियमित /अतिरिक्ताङ्क र सो को मुनि भाग रहने छ ।

(४) प्रदेश राजपत्रको ढाँचा देहाय वमोजिम हुनेछ ।

# प्रदेश राजपत्र

**प्रदेश नं. ७ प्रदेश सरकारद्धारा प्रकाशित**

**खण्ड...) धनगढी, कैलाली, महिना.... गते, ....साल (संख्या....**

**भाग ...**

**प्रदेश नं. ७, प्रदेश सरकार**

..........................................

आज्ञाले,

प्रमाणीकरण मितिः

नामः

पदः

**आज्ञाले,**
**पिताम्वर घिमिरे**
**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.ह.द.नं. १६।२०६२।६३